'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १०५ | बुधवार २६ मंसिर, २०८१ | 11 (Wednesday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### मानव अधिकारको रक्षा प्रति प्रदेश सरकारका प्रतिवद्धता

## द्वन्द्वपीडितको घाउमा मल्हम लगाउने काम सरकारको हो : मुख्यमन्त्री आचार्य

■ नमस्ते समचारदाता

नेपालगन्ज, मंसिर/२५




लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यले नेपालगञ्जमा निर्माण भएको मानव अधिकार सूचना तथा स्रोत केन्द्र भवनको उदघाटन गरेका छन् । ७६ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भ पारेर अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले निर्माण गरेको मानव अधिकार सूचना तथा स्रोत केन्द्र भवनको मुख्यमन्त्री आचार्यले मंगलबार उदघाटन गरेका हुन् । भवन उदघाटन कार्यक्रमलाई सम्वोधन गर्दै मुख्यमन्त्री आचार्यले मानव अधिकारको रक्षा र प्रवर्द्धन गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । द्वन्द्वपीडितको घाउमा मल्हम लगाउने काम सरकारको भएको बताएका छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालगन्जले जानकी गाउँपालिका(३ मा निर्माण गरेको मानव अधिकार सूचना तथा स्रोत केन्द्रको नवनिर्मित भवनको मङ्गलबार उदघाटन गर्दै मुख्यमन्त्री आचार्यले द्वन्द्वपीडितको घाउमा मल्हम लगाउने काम सरकारको भएको बताएका हुन । मुख्यमन्त्री आचार्यले भने, 'तत्कालीन समयमा राज्य र विद्रोही दुबै पक्षबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हालको लुम्बिनी प्रदेश नै हो । आजको समयमा यस क्षेत्रका सबै द्वन्द्वपीडित जनताको अभिभावक भनेको प्रदेश सरकार हो । द्वन्द्वपीडित जनताका घाउमा मल्हम पट्टी लगाउने काम पनि सरकारको हो । द्वन्द्वपीडित जनताका घाउमा मल्हम लगाउने भूमिका निर्वाह गर्न सरकारले कुनै कसर बाँकी राख्दैन । सरकार सदैव पीडित जनताकै साथमा छ । उहाँहरुको अधिकार सुनिश्चित गर्ने काम सरकारको हो । मुख्यमन्त्री आचार्यले संघीय सरकारले टिआरसी विधेयक बनाइसकेको बताउँदै प्रदेश सरकारबाट गर्नुपर्ने समन्वय र सहकार्यमा कतैबाट कमी हुन नदिने प्रतिवद्धता व्यक्त गरे । संघीय सरकारले द्वन्द्वपीडित जनताका समस्या सम्बोधन गर्न र समाधानका लागि टिआरसी विधेयक निर्माण गरिसकेको छ । अब आयोग बनाउने काम गर्दैछ । उक्त कार्यका लागि प्रदेश सरकारबाट समन्वय र सहकार्यमा कतैबाट पनि कमी हुन दिनेछैनौँ ।' प्रदेशमा मानव अधिकार रक्षाका लागि पञ्चायत काल, द्वन्द्वकाल तथा २०६२-६३ को आन्दोलनमा इन्सेकले उल्लेख्य र अग्रणी भूमिका निर्वाह गरेको भन्दै मुख्यमन्त्री आचार्यले विशेषगरी द्वन्द्वकालीन समयमा भुल्नै नसकिने खालको अग्रणी भूमिका निर्वाह गरेको आफूलाई अहिले पनि स्मरणीय रहेको बताए । मुख्यमन्त्री आचार्यले थपे, 'म पनि मानव अधिकार क्षेत्रबाट अगाडि आएको हुँ । विगतमा मैले चार वर्ष जति मानव अधिकार क्षेत्रमै रहेर काम गरेको छु । डेढ वर्ष त इन्सेकसँगै आवद्ध भएर अर्घाखाँचीमा काम गर्ने अवसर पनि प्राप्त गरेको थिएँ । सरकारको आँखा द्वन्द्वपीडितसम्म पुग्न नसकेको अवस्था भएमा समयमै सरकारको ध्यानाकर्षण गराउन आचार्यले आग्रह समेत गरे ।

*बाँकी ३ पेजमा...*

## हिउँदे खेती गर्ने बेला बाँकेमा डिएपी मलको अभाव

■ नमस्ते समचारदाता

बाँके, मंसिर/२५



बाँकेमा हिउँदे खेती गहुँ छर्ने समयमा डिएपी मलको अभाव भएको छ । बाली लगाउने बेला मल नपाएपछि जिल्लाका अधिकांश किसान तनावमा छन् । बाँकेका किसानलाई कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय नेपालगन्जले डिएपी मल उपलब्ध गराउँदै आएको छ । तर यस वर्ष पनि सधै झै किसानको माग पुरा गर्न सक्ने अवस्था कम्पनी सँग छैन । कार्यालयमा यस वर्ष डिएपी मलको अभाव रहेको कार्यालयले जनाएको छ । कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय नेपालगञ्जका शाखा प्रबन्धक पुष्पराज श्रेष्ठले गहुँको खेती गर्ने समय सुरु भएका कारण डिएपी मलको माग उच्च भए पनि मौज्दात अत्यन्तै न्यून भएका कारण माग अनुसार परिपूर्ति गर्न नसकिएको बताए । शाखा प्रबन्धक श्रेष्ठले भने, 'गहुँ छर्ने सिजन सुरु भएको छ । माग ह्वात्तै बढ्दो छ । यहाँ मात्रै होइन, देशैभरि डिएपीको माग बढी नै छ । तर मौज्दात न्यून हुँदा माग अनुसार परिपूर्ति गर्न सकिएको छैन । यति कम मात्रामा रहेको मलले सबैको माग पूरा गर्न सम्भव छैन । हामी सँग रहेको मौज्दातबाट अलिअलि वितरण गरिरहेका छौं ।' श्रेष्ठका अनुसार बाँकेमा करिब ५ हजार मेट्रिक टनभन्दा बढी डिएपी मल आवश्यक हुन्छ । यस आर्थिक वर्षमा लक्ष्य र माग २५ सय मेट्रिक टनको भए पनि जम्मा ६ सय ८५ मेट्रिक टन मल मात्र मौज्दात छ । नेपालमा मल ल्याउने जिम्मा पाएको आइपिएलले डिएपी नल्याउँदा जतातते समस्या देखिएको उनले बताए । नेपालगञ्जमा २६ वटा, कोहलपुरमा ४ वटा, नरैनापुरमा ३ वटा, राप्ती सोनारीमा १५ वटा, डुडुवामा २५ वटा, बैजनाथमा १२ वटा, खजुरामा २३ वटा र जानकीमा १७ वटा गरी कुल १ सय २५ वटा सहकारीले मल बिक्री वितरण गर्ने गरेका छन् । बाँकेमा रहेका आठ स्थानीय तहमा सूचीकृत सहकारी संस्थाले स्थानीय तहकै सिफारिसमा कम्पनीको कार्यालयबाट मल लैजाने र किसानलाई बिक्री वितरण गर्दै आएका छन् । कम्पनीको नेपालगन्ज कार्यालयमा डिएपी मलको मौज्दात अत्यन्तै न्यून रहे पनि युरिया र पोटास मलको भने मौज्दात रहेका कारण माग अनुसार परिपूर्ति गर्न सकिने कार्यालयले जनाएको छ । कार्यालयका अनुसार यस वर्ष ६ हजार मेट्रिक टन युरिया, २५०० मेट्रिक टन डिएपी र ३०० मेट्रिक टन पोटासको लक्ष्य र माग गरिए पनि युरिया ४ हजार २० मेट्रिक टन, डिएपी ६८५ मेट्रिक टन र पोटास ७५ मेट्रिक टन प्राप्त भएको छ । हालसम्म युरिया २ हजार ९४९ मेट्रिक टन, डिएपी ९८५ मेट्रिक टन र पोटास ६६ मेट्रिक टन बिक्रीवितरण भइसकेको छ ।


## हिउँमाथि बसेर पढ्दै विद्यार्थी

■ नमस्ते समचारदाता

बाजुरा, मंसिर/२५



हिमाली जिल्लाहरुमा पुस र माघको चिसोले सबैको मुटु काम्ने गर्छ । तर आइतबार राति हिमाली क्षेत्रमा पर्ने अधिकांश ठाउँमा बाक्लो हिमपात परेपछि अहिले नै पुष माघ लागे जस्तो भएको छ । यहाँ निकै चिसो बढेको छ । यहाँ परेको बाक्लो हिमपातका कारण चिसोले यहाँका अधिकांश विद्यार्थीहरूको पढाई समेत प्रभावित हुँदै आएको छ । बुढीनन्दा नगरपालिकाका-९ सिद्धेश्वरी अनाथ विपन्न तथा जनजाति आवासीय विद्यालयका शिक्षिका जुना रावत हिउँको चिसोमा विद्यार्थीहरूलाई पढाई रहेकी छन् । उनले आफ्नो पाँच महिने शिशुलाई पिठ्यूँमा बोकेर विद्यार्थीलाई शिक्षा दिन विद्यालय आउँछीन । हिउँदको कठ्याङ्ग्रिँदो चिसो उसैमा बाहिर बाक्लो हिम्पात भएको बेलामा पाँच/ छ महिनाका छोरीलाई पिठ्यूँमा बोकेर विद्यार्थीहरूलाई पढाइ गरेको दृश्यले सबै अचम्मित भएका छन् । विगतका वर्षहरूमा हिउँदमा यहाँका अधिकांश विद्यालय खाली हुन्थ्यो । तर अहिले हिउँदको चिसोमा होस् वा वर्षाको झरिमा होस् विद्यालय सञ्चालन हुन्छ । यद्यपि शनिबार र सार्वजनिक बिदाका दिन भने बन्द हुने गर्छ । मङ्सिर, पुस र माघको चिसोका कारण बन्द हुने गरेको यो विद्यालय पछिल्लो समय सधैँ सञ्चालन हुँदै आएको छ । यसले गर्दा बालबालिकाहरू पढाइबाट वञ्चित हुनु परेको छैन । शिक्षिका रावतले अभिभावकसँगै औल लेक गरेर पढाइबाट वञ्चित हुँदै आएका यहाँका भोटे समुदायका विद्यार्थीहरू अहिले विद्यालयमै बसेर पढ्न थालेपछि पढाइमा पनि राम्रो सुधार आएको बताउछिन् । सिद्धेशवरी अनाथ विपन्न तथा जनजाति आवासीय विद्यालय बाजुराको एक मात्र जनजातिको विद्यालय हो । यहाँ प्रायः भोटे समुदायका विद्यार्थी पढ्ने गर्दछन् । यसैगरी, विगत दुई वर्षदेखि जनजाति, दलित, हलियाका टुहुरा अनाथ बालबालिकाहरूलाई समेत विद्यालयमै राखेर पढाउने गरेको प्रधानाध्यापक तुलाबहादुर रावतले बताए । यस विद्यालयमा १० जना टुहुरा, एक जना अनाथ, १५ जना जनजाति, द्वन्दपीडित र दलित साथै ४० जना भोट समुदायका गरी ६६ जना बालबालिकाहरू हिउँद र वर्षाको समयमा विद्यालयमै बसेर अध्ययन गरी रहेको प्रधानाध्यापक रावतले जानकारी गराए ।



सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## नेतृत्व क्षमतासिल हुनु पर्छ

आधुनिक उदारवादी राज्यले राजनीतिक स्रोत परिचालन गरेर जनभावनालाई क्रियाशील पार्छ । लोकतन्त्र भन्नु नै राजनीतिक स्रोत परिचालन गर्ने विधि हो । नागरिक भावना र सामाजिक विविधताको संयोजन गर्न राजनीतिक संस्था क्रियाशील हुन्छन् । राजनीतिक स्रोत परिचालन गर्नका लागि परिवर्तनलाई नेतृत्व गर्ने, मानिसलाई नेतृत्व गर्ने, नतिजा उत्पादन गर्ने, समझदारी निर्माण गर्ने र राष्ट्रिय एकता अनि एकत्वको भावनामा सबै नागरिकलाई बाँध्न सक्ने सामर्थ्य नेतृत्वमा हुनुपर्छ। राजनीतिक प्रणालीबाट यी कुरा सिद्ध गर्न सक्ने क्षमता भएमा शासन प्रणालीले दरिलो शक्ति आर्जन गर्छ। शासकीय शक्ति ओहोदाले होइन, क्षमताले प्राप्त हुन्छ। त्यसैले लोकतान्त्रिक शासनमा क्षमताशील नेतृत्वको खोजी हुन्छ। क्षमता र निष्ठाका नेतृत्वले राजनीतिक प्रक्रियालाई व्यवस्थित गर्ने हुँदा राज्य सशक्तीकृत हुन्छ र राज्य प्रक्रियालाई सर्वसाधारणले आत्मबोध गर्न पाउँछन्। सामाजिक वास्तविकतालाई टिपेर राज्य प्रक्रियामा उन्नयन गर्ने काम जुन स्तरमा हुन्छ, राजनीतिक स्रोत त्यसैको सापेक्षमा परिचालित हुन्छ र राज्यले शासन गर्ने शक्ति आर्जन गर्छ। परम्परागत राज्यले सीमा र सार्वभौमिक अखण्डताको प्रतिरक्षा र राज्यविस्तारका लागि यसलाई प्रयोग गर्दथ्यो । यस शक्तिका भरमा मात्र शासन चल्न सक्दैन भन्ने वंशीय निरंकुश र निर्वाचित निरंकुश शासकले बुझेका छन्। नागरिक सर्वोच्चतामा मात्र सैनिक शक्तिको अर्थवत्ता देखिन्छ भन्ने हालै दक्षिण कोरियामा र केहीअघि बंगलादेश, श्रीलंकामा सिद्ध भयो। पाकिस्तान, म्यानमार, उत्तर कोरियामा पनि ढिलोचाँडो यस तथ्यको पुष्टि हुनेछ। आधुनिक राज्यले सैनिक वा प्रतिरक्षा संयन्त्रलाई त्यति धेरै महत्व दिँदैन । किनभने आधुनिकयुग लोकतन्त्रको युग हो । स्रोत परिचालन हिजो पनि महत्वपूर्ण शक्ति थियो, अब झनै महत्वपूर्ण भएको छ। तर, स्रोतको स्वरूप र परिचालन शैली भने फेरिएका छन् । हिजो आन्तरिक राजस्व परिचालनमार्फत शक्ति आर्जन गरिन्थ्यो, अब पुँजी, प्रविधि, सूचना तथा ज्ञानसम्म यसको विस्तार भएको छ । यो शक्तिले अन्य शक्तिसँग अन्तरसम्बन्ध कायम गर्छ। त्यसैले कर उठाउने र खर्च गर्ने साँघुरो दायरामा स्रोत परिचालन शक्ति सीमित छैन।

# कृषिमार्फत आर्थिक समृद्धि

मुरारी ढुङ्गेल


मुरारी ढुङ्गेल

> एउटा स्पष्ट मार्गचित्र बनाएर त्यसलाई राजनीतिक तहमा बहस चलाउँदै त्यसको कार्यान्वयनका लागि राष्ट्रिय एकताका साथ अघि बढ्नु पर्छ । यसैबाट अर्थव्यवस्थालाई सुधार्न सकिन्छ ।

नेपाल विषम प्रकारको हावापानी भएको मुलुक हो। सानो मुलुक भए पनि विविध प्रकारको हावापानी भएको हुनाले सम्भावनाका हिसाबले कृषिमा नेपाल धनी मुलुक मानिन्छ। उचित हावापानी भएको हिसाबले यहाँ कृषि व्यवसायको प्रचुर सम्भावना रहेको छ । तराईका फाँटमा धान, मकै, गहुँलगायत उखु, केरा खेती फस्टाउन सक्ने सम्भावना छ। तराईमा मलिलो भूमि र खेतीयोग्य हावापानी भएको हुनाले प्रशस्त मुनाफा गर्ने प्रकारका अन्नबाली लगाउन सकिन्छ । सिँचाइलाई कम लागतमा खेतका गरा गरामा पुर्‍याउन सकिन्छ । पहाडी तथा तराई क्षेत्रमा ठुला तथा सम्भावना बोकेका नदीका कारण कृषिलाई सिञ्चित गर्न र विद्युतीय माध्यमबाट खेती गर्न सकिने सम्भावना छ। त्यसै गरी हिमाली क्षेत्रमा जडीबुटीको उत्पादनले देशको आर्थिकस्तर सहजै माथि उकासिने अड्कल नभएका होइनन् । मुलुकको दिगो आर्थिक विकासका साथै मजबुत ग्रामीण अर्थतन्त्रलाई उपलब्धिमूलक बनाउन सकियो भने देशको गरिबी निवारणमा टेवा पुर्‍याउन गाह्रो छैन। कृषि क्षेत्रलाई माथि उकास्न आधुनिक किसिमको प्रविधि भित्र्याउन मात्र सकियो भने हामी आर्थिक समृद्धितिर अघि बढ्छौं। देशको अर्थतन्त्र उकालो लाग्नेमा दुबिधा छैन। कृषि पेसा हरेक नेपालीको आशाको केन्द्रका रूपमा रहे पनि यसले आशातीत प्रतिफल दिन नसक्नुको पछाडि धेरै कारण रहेका छन् । कृषिप्रधान देशमा कृषि व्यवसायलाई उचित अवसर र मूल्याङ्कन नगरिनु यसको प्रमुख समस्या हो। अझै पनि कृषिलाई केवल कागजी नीति नियममा सीमित राख्ने परिपाटी छ । कृषि पेसालाई हालसम्म सम्मानित पेसा बनाउन सकिएको छैन। हामी नेपालीलाई विदेशीको गुलामी गर्न मन्जुर छ तर स्वदेशमै बसी कृषिकर्म गर्न स्वीकार्य छैन। विदेशमा पसिना बगाउन तयार हामी नेपालमै कृषि व्यवसाय गर्न इज्जत र प्रतिष्ठा गुमेको महसुस गर्छौं। कृषि पेसालाई प्राथमिकता नदिनु, कृषिकर्मलाई सम्मान नगरिनु नै हाम्रो प्रमुख दोष हो। त्यसै गरी हाम्रो कृषिका लागि प्राकृतिक वातावरण जति नै राम्रो स्तरीय भए पनि पूर्वाधारको कमीले कृषिको विकास हुन नसकेको तथ्य यथार्थ हो । हाम्रो देशको कृषि व्यवसाय हालसम्म पनि मौसमी खेतीमा भर परिरहेको अवस्था छ। समय सुहाउँदो विकासमा हामी लम्कन सकेका छैनौं । कृषिमा आधुनिकीकरण गरी उत्पादन बढाउन सकिन्छ। हामी अझै परम्परागत कृषिकर्ममा नै छौं । जसले उच्चतम उत्पादन दिन पनि सक्दैन र लागत पनि बढी लाग्दछ। हाम्रो देशको कृषि प्रणाली, जति नै ठुला गफ गरे पनि निर्वाहमुखीबाट माथि उठ्न सकेको देखिँदैन । अझ हरेक कुरामा विदेशीको भर पर्नुपर्ने बाध्यता छ। जसको समाधानतिर हामी जानेर वा नजानेर लम्कन सकेका छैनौं । नेपाली मात्रको तरकारी गुन्द्रुकमा पनि हामी आत्मनिर्भर हुन नसकेको अवस्था छ। गुन्द्रुक छिमेकी राष्ट्र चीनबाट आयात गर्छौं । कुनै समय विश्वबजारमा अत्यधिक बलिया र आर्थिक उपार्जनका रूपमा मानिएका आर्थिक क्षेत्रसमेत समयक्रमसँगै धराशायी बन्दै गएको औद्योगिक पृष्ठभूमिमा कृषि यस्तो क्षेत्र हो, जो जीवन रहेसम्म रहन्छ । अर्थात् जबसम्म कृषि छ, तबसम्म जीवन रहन्छ । उचित प्रविधिको प्रयोग गर्न सकियो भने कृषिले औद्योगिक क्षेत्रलाई मात खुवाउन सक्छ। उदाहरणका रूपमा हाम्रै छिमेकी देश भारतको पन्जाब प्रान्तमा कृषि क्षेत्रले गरेको विकास हेर्न सक्छौं । त्यस्तै कृषि विकासको गतिमा उल्लेख्य फड्को मारेका चीन, कोरिया, नजिकको छिमेकी बङ्गलादेश जस्ता देशलाई हेर्ने हो भने ती देशले आधुनिक प्रविधिको प्रयोगमा बढी जोड दिने गरेका छन् । यस्ता पाठ सिकेर नेपालले पनि बेलैमा कृषिमा लगानी बढाउन सक्नु पर्छ। देशले कृषि उत्पादनमा नयाँ विधि प्रणालीका साथ अघि बढ्नुको विकल्प छैन। कृषि र किसानलाई प्रोत्साहन र सुरक्षा ग्यारेन्टीको प्रबन्ध मिलाउन सके मात्र कृषि व्यवसायले गति लिन सक्छ तर वर्तमानमा हाम्रो कृषि क्षेत्रमा देखिएका भोगिएका प्रमुख समस्या भनेकै बजारसम्मको पहुँच हो । किसानको बजारसम्म पहुँच र प्रभाव पुग्न सकेको छैन । साथै उत्पादन गरिएका वस्तुको भण्डारणमा उचित व्यवस्थासमेत नहुने भएकाले किसान सस्तो मूल्यमा आफ्ना उत्पादन बेच्न बाध्य हुने गरेका छन् । धूर्त बिचौलियाको शोषणमा किसान परेका छन्। गरिब किसानको भण्डारण अभावको फाइदा धूर्त बिचौलियाले उठाइरहेका छन् । केही दिनअघि मात्र पनि तरकारीमा बिचौलियाले गरेको हर्कतलाई लिन सकिन्छ। किसान आफ्ना उत्पादन मेहनतको मोलसमेत नउठ्ने मूल्यमा बेच्न बाध्य भइरहेका हुन्छन् तर बिचौलिया रातारात मालामाल भइरहेका हुन्छन्। यस्तो बेथितिको अन्त्य नभएसम्म कृषकको उत्थान, प्रगति, गरिबी निवारण र कृषिमा निर्भरताका हाम्रो दिवा सपना सिवाय अरू हुन सक्दैन । यस्तो प्रवृत्तिले साना किसान साथसाथै आमउपभोक्तासमेत मूल्यवृद्धिको चपेटामा पर्न बाध्य छन्। जसका लागि राज्यले किसानको उत्पादनमा सुरक्षा र लगानीमा ग्यारेन्टीको भावना विकास गर्न सक्नु पर्छ । किसानलाई कृषि औजार, उपकरण, बिउबिजन, मलखाद खरिददेखि लिएर युवालक्षित कार्यक्रम अन्तर्गत विभिन्न व्यवसाय सञ्चालन र प्रवर्धनका लागि रकम प्रदान गरेर कृषिलाई आत्मनिर्भर बनाउन सक्नु पर्छ। उचित मात्रा नमिलाई प्रयोग भएको रासायनिक मलका कारण माटोको खस्कँदो गुणस्तर, बदलिँदो मौसमचक्र, घट्दो खेतीयोग्य जमिन, भएको जमिन पनि घडेरी प्लटिङका कारण अनुत्पादक हुन पुगेको छ । खेतीयोग्य जमिन दिनप्रतिदिन मासिँदै जानुले समस्या सिर्जना गरेको पाइन्छ। यसर्थ नेपालको हावापानी सुहाउँदो कृषि व्यवसायको थालनी, किसानलाई आवश्यक तालिम, सहुलियतपूर्ण ऋण र उत्प्रेरणा कार्यक्रम दिन सक्नु पर्छ। उत्पादित वस्तुको उचित मूल्य समायोजन गरी राष्ट्रिय रूपमा बिक्रीवितरण र अन्तर्राष्ट्रियस्तरसम्मको उत्पादनमा जोड दिँदै कृषि व्यवसायीलाई प्रोत्साहन, क्षतिपूर्तिको व्यवस्थामा सरकारले ध्यान दिनु पर्छ । प्रकृतिले दिएको भौगोलिक बनावट र हावापानीका कारण नेपाल व्यावसायिक कृषिका लागि छनोट क्षेत्रका रूपमा पर्दछ । यसलाई ध्यान दिँदै केन्द्र सरकार तथा स्थानीय सरकारले उचित प्रबन्ध मिलाएर लैजान सके दिगो विकासको ढोका खोल्न सक्छ । आर्थिक सङ्कट टार्न पर्यटन र ऊर्जाको पनि त्यत्तिकै भूमिका छ । जसरी सार्वजनिक निजी साझेदारी भनेर तीनखम्बे अर्थनीति लिइएको थियो, त्यसरी नै कृषि, पर्यटन र ऊर्जा विकासमार्फत देशमा समृद्धि ल्याउन सकिन्छ । यसबाहेक देश विकास र समृद्धिको पहिलो सर्तका रूपमा कृषि, पर्यटन र ऊर्जाको प्रस्ट कार्ययोजनाको मार्गचित्र बनाइनु पर्दछ । एउटा स्पष्ट मार्गचित्र बनाएर त्यसलाई राजनीतिक तहमा बहस चलाउँदै त्यसको कार्यान्वयनका लागि राष्ट्रिय एकताका साथ अघि बढ्नु पर्छ । यसैबाट अर्थव्यवस्थालाई सुधार्न सकिन्छ । आफ्नै स्रोतसाधनबाट परिचालन गर्न सकिने कृषिसँगै उद्योगबाट दिगो विकासको आधार तयार गर्न सकिन्छ। *-गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



बेसिक कम्प्युटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्युटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

# कर्णालीसँग जोडिएका चिनियाँ नाका खुलाउन आग्रह

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२५



छिमेकी राष्ट्र चीनसँग कर्णाली प्रदेश जोडिने सीमा नाका खुला गराइदिन गृहमन्त्री रमेश लेखक समक्ष आग्रह गरिएको छ । मङ्गलबार नेपाली काङ्ग्रेस कर्णाली प्रदेश संसदीय दलको बैठकमा सहभागी गृहमन्त्री लेखक समक्ष सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले सीमा नाका खुला गरिदिन आग्रह गर्नुभएको हो । कर्णाली प्रदेशको छिमेकी मुलुकहरुसँग प्रत्यक्ष रूपमा नाका जोडिए यहाँको व्यापारिक हिसाबले सहज हुने धारणा राख्नुभयो । कर्णालीका डोल्पा, हुम्ला र मुगु जिल्ला चीन सिमानासंग जोडिएका छन् । चीनसँगको मित्रवत सम्बन्ध र व्यावसायिक गतिविधिलाई बढाउन सीमानाका खाल्नुपर्ने तर्क प्रस्तुत गर्नुभयो । साथै, नेपाली काङ्ग्रेस प्रदेश सभापति ललितजंग शाहीले पनि नाका खोल्नका लागि पहल गर्नुभयो । त्यसका लागि गृहका तर्फबाट सुरक्षा रणनीति तत्काल अपनाई नाका खुला गर्न गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । पूर्वमुख्यमन्त्री जीवन बहादुर शाहीले भूगोल अनुसार विकट भएको कर्णालीमा सिमकोट, डोल्पाका क्षेत्रलाई निषेधित क्षेत्र तोकिएका विषयमा ध्यानाकर्षण गराउँदै यी क्षेत्रमा पर्यटक अनुमति दिनुपर्ने बताउनुभयो । ती क्षेत्रमा गृहको स्वीकृति बिना हेलिकप्टर समेत उड्न नसकेको जानकारी गराउनुभयो । संघीयता अहिलेको मोडलमा सफल नभएको टिप्पणी गर्नुभयो । वडाध्यक्ष मुख्यमन्त्री भन्दा बलियो भएको टिप्पणी गर्दै सरकारको स्थायित्वका लागि पहल गर्नुपर्ने सुझाव राख्दै प्रदेशमा मुख्यमन्त्रीसम्म प्रत्यक्ष निर्वाचन प्रणालीमा जानुपर्ने विकल्पका रूपमा प्रस्तुत गर्नुभयो । कर्णालीको भूगोल बमोजिम प्रहरी चौकी स्थापना गर्नुपर्ने बताए । यसका लागि गृहमन्त्रीको पहल आवश्यक रहेको बताउनुभयो । गृहमन्त्री लेखकले कर्णालीको जटिल भूगोलको सम्भावना पनि उतिकै बढी भएको बताउनुभयो । सुदुर र कर्णालीका क्षेत्र भविष्यको सम्भावना बोकेका ठाउँ भएको बताउँदै यसका लागि सरकारको निरन्तर पहल कदमी हुनुपर्ने बताउनुभयो । सुरक्षा गोष्ठीमा भएको छलफलबारे संक्षिप्त जानकारी गराउँदै कर्णालीको शान्ति सुरक्षाका विषयमा सांगठनिक अपराध नभएको तर परम्परागत अपराध कायम रहेको बताउनुभयो । आत्महत्या, सवारी दुर्घटना र लागू औषध चुनौतीका रूपमा देखिएको जानकारी गराए । ठूलो संख्यामा सांगठनिक अपराधका घटना नभएको जानकारी दिनुभयो । कम्तीमा एक पालिकाबाट सुरु गरेर लागुऔषधमुक्त पालिका घोषणा गर्नेगरी प्रदेशमै गर्न सुझाव दिएकोले त्यसका लागि प्रदेश सरकारको तर्फबाट समेत सहयोगको अपेक्षा गरिएको बताउनुभयो । सीमा क्षेत्रका बारेमा समेत जानकारी लिएको बताउँदै सीमा स्तम्भ नभएको अवस्थालाई गम्भीरता पूर्वक हेर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । संविधान र व्यवस्था विरोधी गतिविधि भइरहेका छन् । त्यसका आधारमा सुरक्षा चुनौती पनि थपिएको बताउदै सांगठनिक रूपमै विभिन्न गतिविधि भइरहेको जानकारी दिनुभयो । त्यसलाई रोक्न गृह मन्त्रालयले योजनाबद्ध लागिरहेको जानकारी गराउनुभयो । संविधान रक्षाका लागि, सरकारको स्थिरता सहित समृद्धि र विकासका लागि ठूला राजनीतिक दल एकठाउँमा आउनुपरेको प्रष्ट्याउदै ६८ वर्षमा सात वटा संविधान बनेको भन्दै त्यसबाट पनि अस्थिरताको परिणाम देखिएको बताए । यही नै अविकासको कारण बनेको टिप्पणी गर्नुभयो ।

# विमानस्थलको हिउँ पन्छाएपछि हवाई सेवा सञ्चालन

नमस्ते समचारदाता
हुम्ला, मंसिर/२५



हुम्लामा आइतबार रातिदेखि सोमबार दिउँसोसम्म निरन्तर हिमपात भएपछि अवरुद्ध सिमकोट विमानस्थलमा जमेको हिउँ पन्छाएर आज हवाई सेवा सञ्चालनमा आएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत सुरक्षाकर्मी मिलेर हिउँ पन्छाएपछि हवाई सेवा सञ्चालनमा आएको नागरिक उड्डयन प्राधिकरण हुम्लाका प्रमुख महेन्द्र सिंहले जानकारी दिनुभयो । मौसम सफा भएपछि मंगलबार बिहानै देखि विमानस्थल सञ्चालनमा आएको उहाँले बताउनुभयो। विमानस्थलको पार्किङस्थलमा जमेको केही हिउँ आफैं पग्लिएर गए पनि रनवेमा जमेको हिउँ सुरक्षाकर्मीको सहयोगमा पन्छाइएको हो । जिल्लामा हिमपात हुँदा सोमबार एक दिन हवाई सेवा अवरुद्ध भएको थियो । सेवा सञ्चालनमा आएपछि नेपालगन्जबाट सीता र तारा एयरले एक एक उडान गरेका हुन् भने सीता एयरले नेपालगन्ज र सुर्खेत एक-एक गरी दुई फ्लाइट उडान गरेको सीता सिमकोट स्टेसनका सूर्य लामाले बताउनुभयो । हुम्लामा सीता, समिट, तारा एयर र सरकारी स्वामित्वमा रहेको नेपाल एयरलाइन्सले नेपालगन्जदेखि उडान भर्दै आएका छन् ।

## द्वन्द्वपीडितको...

मानव अधिकार रक्षाका लागि खबरदारी गरिरहन र सरकारको ध्यानाकर्षण समेत गराउन भन्दै मुख्यमन्त्री आचार्यले कसैले पनि मानव अधिकारको उल्लङ्घन गर्न नहुने बताए । मुख्यमन्त्री आचार्यले मानिसले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार हनन् गर्न नहुने कुरा प्रति सचेत रहन आग्रह गरे । कार्यक्रममा इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेकको मानव अधिकार सूचना तथा स्रोत केन्द्र महत्वपूर्ण रहेको बताए । गौतमले भने, 'यो स्रोत केन्द्र बहुउद्देश्यीय कामका लागि प्रयोग हुनेछ । यसलाई अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने योजना बनाएका छौं । मानव अधिकारकर्मी र अन्य संघ संस्था बिच समन्वय र सहकार्यका लागि यो केन्द्र प्लेटफर्म बन्नेछ ।' यस श्रोतकेन्द्रमा विभिन्न कार्यक्रम गर्न, प्रशिक्षण, बैठक तथा प्रयोगशालाका रुपमा समेत प्रयोग गर्न सकिने गौतमले जानकारी गराए । पीडितलाई परामर्श दिने केन्द्रका रुपमा पनि यसलाई विकास गरिनेछ । मानव अधिकारको हेल्प डेस्कका रुपमा प्रयोग गरिनुका साथै परामर्श सेवा, कानुनी सेवा लगायतका पीडितलाई आवश्यक सेवा प्रदान गरिने साझा थलोको रुपमा केन्द्रलाई विकास गरिने गौतमले बताए । इन्सेकका पूर्वअध्यक्ष सुवोधराज प्याकुरेलले १० डिसेम्बर मानव मर्यादाका लागि वैधानिक नैतिक दस्तावेजको दिन भएको बताए । ७६ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) को महत्वपूर्ण अवसर पारेर मानव अधिकार रक्षाका लागि मानव अधिकार सूचना तथा स्रोत केन्द्रको नवनिर्मित भवनको उद्घाटन गरिएको बताए । उनले यो केन्द्र द्वन्द्वपीडित नागरिक र मानव अधिकारकर्मीका लागि महत्वपूर्ण हुने अपेक्षा गरे । यस केन्द्रबाट मानव अधिकारका क्षेत्रमा गरिने हरेक कार्यको समन्वय गरिने तथा अभिलेखीकरण गरिने भएको हुँदा केन्द्र सबै मानव अधिकारकर्मीको साझा सम्पत्ति भएको उनले जानकारी गराए । केन्द्रमार्फत् सही सूचना प्रवाह गर्नुपर्ने उनको भनाइ समेत रहेको छ । इन्सेकका अध्यक्ष डा.कुन्दन अर्यालको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न उद्घाटन कार्यक्रममा प्रदेशका मन्त्री, पूर्व मन्त्री, प्रदेश सभा सदस्य, मानव अधिकारकर्मी, स्थानीय तहका जनप्रतिनिधि, नागरिक समाज, पत्रकार लगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले गरेका थिए ।

# सात वर्षसम्म पुल निर्माण अधुरै

नमस्ते समचारदाता
कैलाली, मंसिर/२५



कैलालीको शिवगङ्गा नदीमा पुल निर्माण सात वर्षदेखि अधुरै छ । धनगढी उपमहानगर पालिका-१७ र वडा नं १६ रामपुर जोड्ने उक्त पक्की पुल निर्माणका लागि सम्झौता भएको लामो समय भए पनि निर्माण कार्यले गति लिनसकेको छैन । निर्माणको जिम्मा लिएको पप्पु एड्भेन्चरको लापरबाहीका कारण पुल निर्माणमा ढिलाइ भएको हो । रु १४ करोड २६ लाख लागतमा तीन वर्षभित्र काम सक्नेगरी सडक डिभिजन कार्यालय महेन्द्रनगर र पप्पु एड्भेन्चरबीच २०७४ असारमा पुल निर्माणका लागि सम्झौता भएको थियो । निर्माण कम्पनीले सात वर्षसम्म पुल निर्माणका लागि जग खन्ने काममात्र गरेको धनगढी उपमहानगरपालिका-१७ का वडाध्यक्ष माधवराज रानाले बताउनुभयो । खुटिया र शिवगङ्गा नदीमा पुल निर्माण गर्न एकैपटक शिलान्यास भएको थियो । उहाँले भन्नुभयो, "खुटिया नदीमा पुल निर्माण भएको चार वर्ष भयो तर शिवगङ्गामा काम भएको छैन ।" सडक डिभिजन कार्यालयका अनुसार निर्माण कम्पनीले ३० प्रतिशत काम सकिएको भनेर कुल लागतको २२ प्रतिशत अर्थात् रु तीन करोड १३ लाख ७२ हजार भुक्तानी लिएको छ । ठेक्का सम्झौताअनुसार सो पुलको निर्माण कार्य २०७७ असारसम्म सम्पन्न हुनुपर्ने हो । सडक डिभिजन कार्यालयले पटक-पटक गरी २०८२ भदौसम्म म्याद थपेको जनाएको छ । निर्माण कम्पनीले साढे दुई वर्ष थप्न माग गरेपछि पुल निर्माणका लागि समय थप गरिएको सडक डिभिजन कार्यालय महेन्द्रनगरका प्रमुख हरि सुवेदीले बताउनुभयो । निर्माण कम्पनीले चालु आवभित्र पुल निर्माण सम्पन्न गर्ने जनाएको उहाँको भनाइ छ । शिवगङ्गा नदीमा पुल निर्माण सम्पन्न नहुँदा वर्षात्का बेला डल्लबमा एक पटकको रु एक सय शुल्क तिरेर नदी तर्नुपर्ने बाध्यता रहेको वडाध्यक्ष रानाले जानकारी दिनुभयो । पुल निर्माण सम्पन्न नहुँदा हिउँदको समयमा उपमहानगरपालिकाले ह्युम पाइपमार्फत सवारीसाधन सञ्चालन गर्न सडक निर्माण गर्दै आएको छ । वर्षात्को समयमा शिवगङ्गामा बाढी आउने भएकाले मोटरसाइकल र साइकल डल्लबमै राखेर नदी वारपार गर्ने गरिन्छ ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२


# नाबालिका माथि सामूहिक बलात्कार

नमस्ते समचारदाता
बर्दिया, मंसिर/२५



गत तीजताका एक नाबालिकामाथि सामूहिक बलात्कार गरेको आरोपमा बाँसगढी प्रहरीले ८ जनालाई पक्राउ गरेको छ। बाँसगढी नगरपालिका-२ बाट ती युवाहरूलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बाँसगढीले जनाएको छ। युवाहरूद्वारा सामूहिक रूपमा चरम यौन दुर्व्यवहार भएको भिडिओ सामाजिक सञ्जालमा गत साता सार्वजनिक भएपछि शुक्रबार प्रहरीले चार जना युवालाई पक्राउ गरेको थियो। इलाका प्रहरी कार्यालय बाँसगढीका प्रहरी निरीक्षक रूपेश साहले भने, 'आइतबार थप चार जना पक्राउ परेका छन्। सो समूहमा अझै तीन जना रहेको किटानी जाहेरी परेको छ। हामी उनीहरूको खोजी गरिरहेका छौँ।' पीडित नाबालिकाकी आमाले आइतबार इलाका प्रहरी कार्यालय बाँसगढीमा ११ जनाविरुद्ध जबरजस्ती करणीको आरोपमा किटानी जाहेरी दिएकी छन्। ती युवाले आफ्नी छोरीमाथि पटक-पटक जबरर्जस्ती करणी गरेको जनाउँदै सामूहिक बलात्कार आरोपमा किटानी जाहेरी दिएकी हुन्। आइतबार नै बर्दिया जिल्ला अदालतबाट ५ दिनको म्याद थपेर प्रहरीले घटनाको थप अनुसन्धान अगाडि बढाएको छ। पीडित नाबालिका १४ वर्षकी मात्र छन्। कक्षा आठमा पढेर पढाइ छाडेकी ती नाबालिकाको घरमा बाजेबज्यैबाहेक अरू अभिभावक थिएनन्। पीडितका अन्य दाजुभाइ दिदीबहिनी नभएको र बाबुआमा बाहिर भएकाले उनीमाथि ललाइफकाई र धम्क्याई लगातार यौन शोषण हुने गरेको देखिएको प्रहरीको भनाइ छ। प्रहरीका अनुसार गत तीज अगाडिको घटना अहिले आएर बाहिरिएको हो। भिडिओमा ती नाबालिकामाथि यौन दुर्व्यवहार देखिन्छ। तर उनीमाथि पटक-पटक समूहमा करणीसमेत भएको पीडित र पीडक दुवैबाट खुल्न आएको प्रहरीको भनाइ छ। इलाका प्रहरी कार्यालय बाँसगढीका नायब प्रहरी निरीक्षक (सई) श्याम रोकाले भने, 'प्रारम्भिक अनुसन्धान अनुसार तीजको दिनसम्म ती नाबालिकासँग दुई जनाभन्दा बढी युवाहरूको समूहले चारपटक यौन सम्पर्क गरेको पाइयो। अन्तिम पटक तीजको दिन युवाहरूले सामूहिक रूपमा यौनसम्पर्क गरेको खुल्न आएको छ।' 'तीजको दिनसम्म कहिले वनमा, कहिले चौरमा, कहिले घरमा त कहिले खोलामा लगेर बालिकामाथि दुई जनाभन्दा बढीको समूहबाट यौन शोषण भएको रहेछ,' सई रोकाले भने, । प्रहरीका अनुसार पीडित नाबालिका आफ्ना घरतिरका वृद्ध बाजे बज्यैसँगै राँझामा बस्दै आएकी थिइन्। उनका बाबु रोजगारीका लागि भारतमा छन् भने आमा पनि कामका लागि पूर्वी तराईको एक जिल्लामा थिइन्। परिवारमा अभिभावक भनेका वृद्ध बाजेबज्यै मात्रै थिए। 'यही मौका छोपेर उनीमाथि लगातार यौन शोषण हुने गरेको रहेछ,' सई रोकाले भने, 'एउटै गाउँका भएकाले चिनजान हुने कुरा सामान्य भयो। तीजका बेला उनीहरूबीच कुराकानी र सम्पर्क भएको देखिन्छ।' तीजपछि ती नाबालिका आमासँगै बाहिर गएपछि उनीहरूबीच भेटघाट र सम्पर्क हुन पाएको रहेनछ।' प्रहरीका अनुसार सबै पीडक र पीडित नाबालिका बाँसगढी-२ स्थित एउटै गाउँका हुन्। पक्राउ परेका ८ जना आरोपितमध्ये तीन बालिग र ५ जना नाबालिग हुन्। पक्राउ पर्ने बालिग आरोपितहरूमा बाँसगढी-२ का २२ वर्षीय गोपालजंग शाह, २२ वर्षीय भरत बुद्धिराम डाँगी र १९ वर्षीय रवी चन्द रहेका छन्। नाबालिक ५ जना पीडकमध्ये १५ देखि १७ वर्ष उमेरका रहेका छन्। उनीहरूमध्ये कोही स्कुल पढ्दै गरेका र कोही भर्खरै स्कुल छाडेका छन्। नाबालिकामाथि यौन शोषण गर्ने काम कहिलेदेखि सुरु भएको भन्ने यकिन नभए पनि तीजको केही समय अघिदेखि दुई-चार दिनको फरकमा लगातार उनीमाथि समूहमा यौन शोषण हुँदै आएको पाइएको प्रहरीको भनाइ छ। भिडिओमा पनि करिब ८-१० जना युवाहरूको समूहले नाबालिकालाई धम्की दिँदै नङ्ग्याएको देखिन्छ। उनीहरूले ती नाबालिकालाई अश्लील गाली गर्दै नङ्ग्याएर यौन दुर्व्यवहार गरेका छन्। समूहमा रहेका पीडकहरूले नाबालिकाका यौनांग हेर्न खोज्दै भिडिओ बनाइरहेको भिडिओमा स्पष्ट देख्न सकिन्छ। समूहमा भएको सो दुर्व्यवहारको ती नाबालिकाले कुनै प्रतिकार गर्नसक्ने अवस्था देखिँदैन।

# नरैनापुरको प्रशासकीय भवन निर्माण अलपत्र



नमस्ते समचारदाता
बाँके, मंसिर/२५

बाँकेको नरैनापुर गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य निर्माण कम्पनीको लापरबाहीले अलपत्र परेको छ। दुई वर्षअघि नै निर्माण सम्पन्न भैसक्नु पर्ने उक्त भवन निर्माण कम्पनी महालक्ष्मी-जुगल विल्डर्स जेबीको चरम ढिलासुस्ती तथा लापरबाहीका कारण अझैपनि अधुरो छ। पटक-पटक थप भएको म्याद गुज्रिदा पनि निर्माण कम्पनीले भवन निर्माणको काम नगरिदिदा पालिकाको सेवा प्रवाह वडा कार्यालयबाट गर्न बाध्य रहेको नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले बताएका छन्। शाहका अनुसार साबिकको नरैनापुर गाविस कार्यालयबाट नरैनापुर गाउँपालिकाले सेवा प्रवाह गर्दै आएको छ। नयाँ भवन निर्माण भइसके पनि पेन्टीङ्ग, फर्निचर र विद्युत् वायरिङ लगायतको फिनिसिङको काममा निर्माण व्यवसायीले ढिलाइ गरेकोले समस्या भइरहेको उनले बताए। गाउँपालिकाका लेखा अधिकृत भरत बस्नेतले आफ्नै भवन तयार नहुँदा गाउँपालिकाको काम साँघुरो भवनबाट हुँदै आएकोले काममा समस्या हुने गरेको आएको बताउँछन्। महालक्ष्मी-जुगल विल्डर्स जेबीका इन्जिनियर प्रविन श्रेष्ठले २०७९ साल असोज ३१ गते सम्पन्न गर्ने गरी भएको सम्झौता विभिन्न कारणले ०८१ साल पुरा हुन लाग्दा पनि सम्पन्न हुन नसकेको बताए। ठेक्का सम्झौता सकिएता पनि ठेकेदार कम्पनीलाई पालिकाले तेस्रो पटक म्याद थप गरेर ०८० साल फागुन २९ गतेसम्म काम सम्पन्न गर्न अनुमति दिएको थियो। निर्माण कम्पनीको लापरबाहीका कारण तेस्रो पटक म्याद थप हुँदा समेत काम सम्पन्न नहुँदा निर्माणाधीन भवन अलपत्र परेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवराज वलीले जानकारी गराए। प्रमुख प्रशासकीय अधिकृत वलीले भने, 'ठेकेदार कम्पनीलाई तत्काल काम सम्पन्न गर्न निर्देशन दिई सकेका छौ। तिन महिना भित्रै काम सम्पन्न नगरे म्याद थप नगरी ठेक्का रद्द गर्ने चेतावनी पनि दिएका छौँ।' निर्माण कम्पनीका इन्जिनियर श्रेष्ठका अनुसार ६ करोड ८० लाख ३१ हजार रुपियाँको लागतमा निर्माण सुरु गरिएको प्रशासनिक भवनका लागि सङ्घीय सरकारले ६० प्रतिशत र गाउँपालिकाको ४० प्रतिशत अनुदानमा निर्माण सुरु भएको थियो। गाउँपालिकाको निर्माणाधीन भवनको भौतिक प्रगति ८५ प्रतिशत देखिएको जनाउँदै भवन निर्माणसँगै ठेकेदार कम्पनीले हालसम्म ४ करोड २८ लाख रुपियाँ भुक्तानी लिएको लेखा अधिकृत बस्नेतले बताए। ठेकेदार कम्पनीले तेस्रो पटक सम्म पनि काम सम्पन्न गर्न नसके पछि पाँचौँ पटकका लागि फेरी निवेदन दिए पनि पालिकाले ग्यारेन्टी पत्र र इन्सोरेन्स लगायत कागजातका आधारमा ३ महिनाको म्याद थप गर्नु पर्ने देखिन्छ। पटक म्याद थप गरेर पनि भवन पूर्ण रूपमा निर्माण हुन नसकेकोले म्याद थप गर्न पालिका असमर्थ रहेको जानकारी गराएर ३ महिना भित्र काम सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वलीले बताउन्।

# मुख्यमन्त्री आचार्यद्वारा थारु सांस्कृतिक भवन समुद्घाटन

नमस्ते समचारदाता
बर्दिया, मंसिर/२५



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बर्दियाको बासगढि नगरपालिका-५ लक्ष्मणपुर स्थित थारु सांस्कृतिक केन्द्रको नवनिर्मित भवनको मङ्गलबार समुद्घाटन गर्दै नेपाली समाजमा रहेको बहुजातिय र बहुभाषिक अवस्थाले सामाजिक सद्भाव बढाउन मद्दत गरेको बताए। मुख्यमन्त्री आचार्यले थारु समुदाय संस्कृतिको धनी रहेको बताउदै प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे। सीमान्तकृत समुदायलाई सरकारी सेवामा आरक्षण सहितको व्यवस्था कानूनमा गरिएको जानकारी गराए। सीमान्तकृत र पिछडिएको क्षेत्र सरकारको प्राथमिकतामा रहेको भन्दै सुकुम्बासी र भुमिहिन समस्या समाधान यही सरकारको पाला मै हुने बताए। प्राचीन थारु सृजनशिल आदिबासी समाज बर्दियाका कार्यकारी निर्देशक एकराज चौधरीले गुर्बाबा एफएममार्फत आदिवासी थारु,जनजाती सहित सबै समुदायको हक अधिकारको पक्षमा काम गरिरहेको बताए। जग्गा दाता टीकाराम पौडेलले डेढ का जग्गा र डेनमार्कका फ्लेमिङ टपसोयले ५५ लाख, समाजको २६ लाख, लुम्बिनी प्रदेश सरकारको २० लाख र बासगढि नगरपालिकाको १५ लाख गरि १ करोड १६ लाख रुपियाँको लागतमा थारु संग्राहलयको भवन निर्माण भएको हो।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके